**प्र.मं.प.बै.सं. १०/२०७६**

**२०७६ साल श्रावण ६ गते सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** २०७६ भाद्र १० देखि १६ सम्म हुने मित्र राष्ट्र चीनको गान्सु प्रान्तको भ्रमण कार्यक्रममा भ्रमण दलमा संलग्न हुने पदाधिकारीहरुको मनोनयन र भ्रमण खर्च स्वीकृत गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** सैनामैना नगरपालिका र चीनको गान्सु (Gansu) प्रान्त अन्तर्गत Gannan Tibetan Autonomous Prefecture बीच भगिनी सम्बन्ध कायम गर्न नेपाल सरकारमा सिफारिस पठाउने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** संगठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी कार्य जारी रहेकोले नयाँ संगठन संरचना र दरबन्दी कायम गर्ने निर्णय लिइएपछि सोही अनुसार हुनेगरी आ.व.२०७६/७७ को बार्षिक विकास कार्यक्रम लगायतका कार्यहरु साविक कार्यालय तथा निकायबाटै संचालन गर्न स्वीकृती दिने।

४. **भौतिक पूर्वाधार विकास मन्त्रालयः-** खानेपानी सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६ स्वीकृत गर्ने।

५. **सामाजिक विकास मन्त्रालयः-** शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने।

६. "नेपालको संबिधान वमोजिम कार्यकारिणी अधिकारको प्रयोग एवम् अधिकार सूची अनुरुपको दायित्व बहन गर्नका लागि प्रदेश सरकार अन्तर्गतका बिद्यमान मन्त्रालयहरुको पुनःसंरचना गर्नु आवश्यक देखिएकाले माननीय मुख्यमन्त्रीले प्रदेश सरकारका प्रमुख सचिवको सहयोगमा कार्यबोझ एवम् कार्यप्रकृतिको विश्लेषण गरी प्रस्तावित नयाँ मन्त्रालयहरुको सूची सहित अन्य प्रदेशहरुसँग एकरुपता कायम गर्नका लागि नेपाल सरकारमा सिफारिस पठाउने।"